## ७. मस्याङ/ सिल्टिम
*Vigna umbellata (Thumb)*



### परिचय

मस्याङ दाल बाली समूहको भए पनि नेपालमा खाद्यान्न बालीको रूपमा खेती गरिन्छ । यो एकवर्षीय कोसेबाली हो । यसको खेती उष्ण, समशितोष्ण तथा शितोष्ण जलवायुमा सफलतापूर्वक गर्न सकिन्छ । मस्याङलाई नेपालका कतिपय स्थानमा सिल्टिम भनेर चिनिन्छ । मस्याङलाई खेत तथा बारीको आली कान्लामा लगाउन सकिन्छ । यसले केही मात्रामा चिस्यान पनि खप्न सक्छ । नेपालमा घाँसबालीको रूपमा लगाउने चलन खासै छैन । तर यो छिटो बढ्ने पोषिलो घाँस र हरियो मलको रूपमा पनि लगाउन सकिने बाली हो । प्रशस्त प्रोटिन पाइने भएकाले पोषणको लागि पनि यो बाली महत्वपूर्ण मानिन्छ । हरियो पहेलो दाना भएका गेडागुडीमा पोषिलोपना बढी हुन्छ । यसको दाना दाल, उसिनेर बिरम्ला बनाएर तथा सिङ्गै दाना तरकारीको रूपमा वा क्वाटी बनाउन प्रयाग गरिन्छ । गर्मी मौसममा मकैसँगै मस्याङ उसिनेर नुन खुर्सानीको धुलो मिसाएर खाने चलन पनि छ । साथै पशु आहारामा समेत प्रयोग गर्न सकिन्छ ।

### हावापानी

यो उष्ण तथा समशितोष्णा जलवायु मन पराउने बाली हो । तराई, मध्यपहाडामा र लेकाली जलवायु भएको स्थानमा यसको खेती गर्न सकिन्छ ।

### माटो

यो सबै प्रकारको माटामा लगाउन सकिन्छ तर पनि दुमट माटो यसको लागि उत्तम मानिन्छ । तटस्थ पि एच मान भएको माटो उपयुक्त हुन्छ ।

### बीउ छर्ने समय

उष्ण तथा समशितोष्ण हावापी भएको सथानमा वर्षमा दुई बाली लिन सकिन्छ भने शितोष्ण हावापानी

भएको स्थानमा वर्षमा एक बाली मात्र लिन सकिन्छ । वर्षे बाली लगाउँदा जेठदेखि असारसम्ममा बीउ छरिन्छ । वसन्ते बालीको लागि स्थान अनुसार फाल्गुन चैत्रमा बीउ लगाउन सकिन्छ ।

## जात

नेपालमा सिफारिस भएको कुनै जात छैन । तर दानाका विभिन्न रंग, आकार भएका स्थानीय जातहरू पाइन्छन ।

## बीउदर

बीउ छर्दा प्रति रोपनी १ देखि १.५ केजी चाहिन्छ ।

## बीउ भिजाउने (Seed priming)

बीउलाई छर्नुभन्दा अगाडी ३ देखि ४ घन्टासम्म चिसो पानीमा भिजाएर छाहारीमा ओबायको बीउ छरेमा छिटो उम्रने र बिरूवाको वृद्धि विकास राम्रो भई उत्पादन पनि बढी हुन जान्छ ।

## छर्ने तरीका

राम्रो खनजोत गरेको जग्गामा हातले छरूवा विधिद्वारा वा लाइनमा छर्दा १ मिटरको हारमा ५० से.मी. को फरकमा बीउ छर्नु पर्छ । बारीको डिलमा लगाउँदा कुटोको सहायताले सानो डोब बनाएर एक डोबमा दुई दाना बीउ खसालेर लगाउने चलन छ ।

## सिँचाई

आकासे पानीको भरमा खेती गरिने हुँदा त्यती सिँचाइ दिइन्न । वसन्ते बालीको लागि भने सिँचाई अनिवार्य दिनु पर्छ । १०–१५ दिनको फरकमा दुईपटक सिँचाई गर्दा प्रयाप्त हुन्छ ।

## मलखाद

गोबर मल ४०० केजी प्रति रोपनी, ४ केजी डि ए पि, ०.५ केजी यूरीया र १.६ केजी पोटास प्रति रोपनी दिनु आवश्यक हुन्छ ।

## थाँक्रो दिने

मस्याङलाई थाँक्रो दिन सके राम्रो उत्पादन लिन सकिन्छ । यो खर्चिलो हुने भएकाले मकै बालीसँग मिश्रित खेती गरी मकैको ढोडमा लहरा जान दिएमा कम खर्चमा थाँक्रो दिने काम हुन्छ ।

## गोडमेल

खासै गोडमेल गर्ने चलन छैन । तर बीउ रोपेको एक र दुई महिनामा पछि झारपात हटाउनाले उत्पादन राम्रो लिन सकिन्छ । दोस्रो गोडमेल झार काटेर गर्ने प्रचलन छ ।

## रोग तथा कीरा



यसको स्थानीय जातहरूमा खास रोग लाग्दैन । पात र डाँठ खाने कीराले केही हानी पुऱ्याउँछन् । कागे कीरा Blister beetle (Mylabris spp) को प्रकोप केही बढी नै देखिन्छ । सिस्नोलाई पानीमा डुबाएर घाममा मन तातो पानी हुने गरी तात्न दिने र उक्त झोल बिरुवामा छर्नाले कीरा भाग्दछन ।

## उत्पादन

बीउ छरेको १३०-१४० दिनमा पुरै बिरुवालाई काटेर बाली लिन सकिन्छ । प्रति रोपनी ६०-७० केजी सम्म उत्पादन पाउन सकिन्छ ।

## भण्डारण

बीउ वा दाना भण्डारण गर्दा राम्रो सँग सुकाएर भण्डारण गर्नु पर्दछ अन्यथा दालमा लाग्ने खपटे कीराको प्रकोप देखिन्छ । १२ प्रतिशत चिस्यान भएको बीउ सुरक्षित हुन्छ । भण्डारणमा राखेको बीउ समय समयमा हेरी आवश्यक भएमा सुकाउनु पर्ने हुन्छ ।